राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४९ २०८२ चैत ३० गते सोमवार (13 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## जेनजी आन्दोलनमा भागेका कैदी पक्राउ

सप्तरी, २९ चैत । जेनजी आन्दोलनको क्रममा राजविराज कारागारबाट फरार भएका एक कैदीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका-८, तोपा निवासी २३ वर्षीय आनन्द खड्गलाई प्रहरीले पक्राउ गरेको हो । उहाँ जबरजस्ती करणी मुद्दामा सप्तरी कारागार कार्यालय राजविराजमा बन्दी जीवन बिताई रहनुभएको थियो । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा राजविराज कारागारबाट फरार हुनुभएका उहाँलाई गोप्य सूचनाको आधारमा आफ्नै गाउँघरमा लुकिछिपी बसेको अवस्थामा शनिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक अनिलकुमार साहले जानकारी दिनुभयो । पक्राउ परेका खड्गलाई कारागार सुरक्षा गार्डमार्फत पुन: कारागार चलान गरिएको उहाँले बताउनुभयो ।

## बेपत्ता युवकको शव फेला



दैनिक समाचारदाता
जनकपुरधाम, २९ चैत । धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ स्थित कमला नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका एक युवकको शव फेला परेको छ । शनिबार नदीमा डुबेर बेपत्ता भएका जनकपुरधाम उपमहानगरपालिका-६ का १८ वर्षीय महमद आयन कमड आइतबार मृत अवस्थामा फेला परेका हुन् । इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार घटना लगत्तै सशस्त्र प्रहरी सुरक्षा बेस रघुनाथपुर र प्रहरी चौकी चिसापानीबाट खटिएको टोलीले खोजी कार्य तीव्र पारेको थियो । स्थानीय स्तरको प्रारम्भिक प्रयासबाट युवक फेला नपरेपछि सशस्त्र प्रहरीको विशेष गोताखोर टोली परिचालन गरिएको थियो । उक्त गोताखोर टोलीले नै नदीको गहिराइबाट युवकको शव बाहिर निकालेको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो । मृतकको शवलाई कानुनी प्रक्रिया पूरा गरी परीक्षण (पोस्टमार्टम)का लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ । घटनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# नेपाल रेलको पाँच वर्षमा आम्दानीभन्दा तेबर खर्च



दैनिक समाचारदाता
जनकपुरधाम, २९ चैत । जनकपुर(जयनगर रेल सेवा निरन्तर घाटामा गईरहेको दावी गरिएको छ । पछिल्लो पाँच वर्षको तथ्याङ्कले आम्दानीको तुलनामा खर्च झण्डै तेब्बर बढी रहेको देखाउँदै दीर्घकालीन असन्तुलनको संकेत गरेको छ।

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यावसायिक कार्ययोजना(२०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म १९ करोड २१ लाख रुपैयाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपैयाँ खर्च भएको छ । यस अवधिमा कुल ४८ करोड १५ लाख ८० हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको छ । पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा मात्रै ८ करोड ५० लाख आम्दानी हुँदा २६ करोड २७ लाख रुपैयाँ खर्च भएको छ। हाल मासिक आम्दानी करिब ७५ लाख रुपैयाँ भए पनि खर्च १ करोड २९ लाख रुपैयाँ पुग्ने गरेको छ ।

आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिएर सञ्चालन गर्नुपरेको अवस्था छ। २०८१ असार मसान्तसम्म सावाँ र ब्याजसहित कुल ऋण ७९ करोड रुपैयाँ नाघिसकेको छ, जसले थप आर्थिक दबाब सिर्जना गरेको छ ।

यात्री सेवाका दृष्टिले भने रेल प्रभावकारी देखिएको छ। भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक चल्छ। स्थानीयवासीका अनुसार रेल सेवाले समय बचत गर्दै दैनिक आवागमन सहज बनाएको छ ।

यद्यपि, कम्पनीको वित्तीय अवस्था भने निरन्तर कमजोर बन्दै गएको छ। यसको प्रमुख कारणमध्ये भारतीय प्राविधिक कर्मचारीमा हुने उच्च खर्च हो । हाल १७ जना भारतीय कर्मचारीका लागि मासिक करिब १ करोड १२ लाख रुपैयाँ भुक्तानी गरिँदा नेपाली १०३ कर्मचारीको तलब खर्च मात्र १७ लाख रुपैयाँ रहेको छ ।

त्यसैगरी स्थायी प्राविधिक जनशक्तिको अभाव, वर्कसपको कमी, स्वदेशी चालक तथा स्टेशन मास्टरको अभाव, फ्युलिङ स्टेशन नहुनु र इन्धनसमेत भारतबाट ल्याउनुपर्ने अवस्थाले सञ्चालन खर्च बढाएको छ। लामो समयदेखि महाप्रबन्धकविहीन रहनु पनि व्यवस्थापन कमजोरीको कारण बनेको छ।

कम्पनीले आम्दानी वृद्धि गर्न रक्सौलस्थित जग्गा भाडामा दिने तथा रेल म्युजियम स्थापना गर्ने योजना अघि सारेको छ। साथै स्थानीय व्यवसायीहरूले मालवाहक (कार्गो) रेल सेवा सञ्चालन गर्नुपर्ने माग गरेका छन्, जसले नाफामुखी सम्भावना बढाउन सक्छ।

समयमै व्यवस्थापन सुधार, स्वदेशी जनशक्ति विकास, कार्गो सेवा विस्तार र ऋण व्यवस्थापन गर्न सके रेल सेवा सुधारतर्फ जान सक्छ। अन्यथा, बढ्दो ऋणले नेपालको एकमात्र रेल सेवा थप संकटमा पर्ने निश्चित देखिन्छ।

## कांग्रेस संसदीय दलको नेता चयन वैशाख ४ मा





दैनिक समाचारदाता
काठमाडौं, २९ चैत । नेपाली कांग्रेसले प्रतिनिधिसभा संसदीय दलको नेता चयन आगामी वैशाख ४ गते गर्ने भएको छ। पार्टीका सहमहामन्त्री तथा निर्वाचन समितिका संयोजक प्रकाश र साइली 'स्नेही'का अनुसार निर्वाचनको कार्यतालिका वैशाख २ गते सार्वजनिक गरिनेछ।

उनका अनुसार दलको नेता चयनका लागि सहमतिको प्रयास जारी रहे पनि आवश्यक परे निर्वाचन प्रक्रियामा जाने तयारी गरि एको छ। "सहमतिको प्रयास भइरहेको छ, तर सहमति नभए लोकतान्त्रिक विधिबाट निर्वाचन गरिन्छ," उनले बताए। एकल उम्मेदवारी परे सर्वसम्मत रूपमा नेता चयन हुने र बहु-उम्मेदवारी भए प्रतिस्पर्धामार्फत नेता चयन गरिने उनको भनाइ छ।

कांग्रेस संसदीय दलको नेता बन्न अर्जुननरसिंह केसी, भीष्मराज आङ्देम्बे र मोहन आचार्यलगायत नेताहरूले दाबी प्रस्तुत गरिरहेका छन्।


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेशकी छोरीहरूको बढ्दो लोकसेवा आकर्षण

लोकतन्त्र प्राप्तिपछि नेपालमा समावेशी राज्य व्यवस्थाको अभ्याससँगै सरकारी सेवामा महिलाको पहुँच विस्तार हुनु सकारात्मक संकेत हो। विशेषतः तराई–मधेश क्षेत्रमा लोकसेवा परीक्षाप्रति छोरी–बुहारीहरूको बढ्दो आकर्षण सामाजिक रूपान्तरणको महत्वपूर्ण सूचक बनेको छ। हिजोसम्म घरको चौघेरो र घुम्टोभित्र सीमित राखिएका महिलाहरू आज आत्मविश्वासका साथ प्रतिस्पर्धी परीक्षामा सहभागी भइरहेका छन्, जुन केवल व्यक्तिगत उपलब्धि मात्र नभई समग्र समाजको प्रगतिशील यात्राको संकेत पनि हो।

परम्परागत रूपमा पुरुषप्रधान सोचले महिलालाई घरायसी भूमिकामै सीमित गर्‍यो। तर शिक्षा, सचेतना र राज्यका समावेशी नीतिहरूले यो धारणा क्रमशः भत्काउँदै लगेका छन्। मधेश प्रदेशका आठ जिल्लाबाट मात्रै ४५ हजारभन्दा बढी महिलाले लोकसेवा आयोगमा आवेदन दिनु सामान्य घटना होइन। यसले महिलामा बढ्दो आत्मविश्वास, अवसरको उपयोग गर्ने चाहना र आर्थिक आत्मनिर्भरताप्रतिको आकांक्षालाई स्पष्ट रूपमा देखाउँछ।

यद्यपि, यो उत्साहपूर्ण प्रवृत्तिसँगै केही चुनौतीहरू अझै विद्यमान छन्। ग्रामीण क्षेत्रमा अझै पनि लैङ्गिक विभेद, पारिवारिक दबाब र शैक्षिक स्रोतको अभावले धेरै महिलालाई पछाडि पारिरहेको छ। साथै, प्रतिस्पर्धात्मक परीक्षाको तयारीका लागि आवश्यक मार्गदर्शन, कोचिङ र स्रोत–साधनको पहुँच सबैका लागि समान छैन। त्यसैले राज्यले केवल अवसर खोल्नु मात्र पर्याप्त हुँदैन, ती अवसरहरू उपयोग गर्न आवश्यक आधारभूत संरचना र सहयोग प्रणाली पनि सुनिश्चित गर्नुपर्छ।

महिलाको बढ्दो सहभागिता केवल संख्या वृद्धिमा सीमित रहनु हुँदैन। उनीहरूको क्षमताको सम्मान, कार्यस्थलमा समान व्यवहार र पदोन्नतिमा निष्पक्षता सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ। यदि यी पक्षहरूमा ध्यान दिइएन भने प्रारम्भिक उपलब्धिहरू दिगो बन्न सक्दैनन्।

अन्ततः, मधेशकी छोरी–बुहारीहरूको लोकसेवातर्फको बढ्दो कदम सामाजिक क्रान्तिको आरम्भ हो। यसलाई निरन्तरता दिन राज्य, समाज र परिवार सबैले सहयोगी भूमिका खेल्न आवश्यक छ। जब महिलाहरू समान अवसरसहित अगाडि बढ्छन्, तब मात्र समृद्ध र समावेशी समाजको परिकल्पना साकार हुन सक्छ।

# संविधानदेखि व्यवहारसम्म: नारी नेतृत्वको सुदृढ यात्रा



मोहनमाया ढकाल

मानव सभ्यताको विकासक्रमलाई हेर्दा स्पष्ट हुन्छ कि समाजको उन्नति, न्याय, समावेशिता र दिगोपनामा महिलाको भूमिका अत्यन्त महत्वपूर्ण रहँदै आएको छ। तर विडम्बना के छ भने, यति महत्वपूर्ण योगदान हुँदाहुँदै पनि महिलाहरूलाई नेतृत्वको स्थानमा पुग्नका लागि अनेक बाधा र अवरोधहरू पार गर्नुपरेको छ।

ठूलो संघर्षका जितहरू हासिल गर्नुपरेको छ। नेपालमा महिला सहभागिता बढाउने सवालमा तत्कालीन एमाले उपाध्यक्ष विद्यादेवी भण्डारीले अघि बढाएको संकल्प प्रस्तावलाई एक महत्त्वपूर्ण राजनीतिक पहल मानिन्छ, जो २०७२ सालमा नेपालको पहिलो महिला राष्टपति मात्रै बन्नु भएन, दुई कार्यकाल राष्टप्रमुखका रुपमा मुलुकलाई नेतृत्व दिनुभयो। उहाँले २०६६ सालतिर राज्यका सबै निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्ने भन्ने संकल्प प्रस्ताव संसदमा प्रस्तुत गर्नुभयो। र उक्त प्रस्ताव संसदले सर्वसम्मत पारित गर्‍यो।

यही प्रस्तावकै जगमा त्यसपछि बनेको संविधानमा महिला सहभागितालाई सुनिश्चित गर्ने आधारशिला तय भयो। महिलालाई निर्णय-निर्माण तहमा पुर्‍याउने, राज्यका हरेक अंग (कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, सुरक्षा निकाय आदि) मा महिला प्रतिनिधित्व बढाउने एवं कानुनी रूपमा बाध्यकारी समावेशी व्यवस्था स्थापना गर्न यो प्रस्ताव मुख्य मार्गदर्शक बन्यो। यो प्रस्तावपछि नेपालमा समावेशी लोकतन्त्रको आधार बन्न गयो र संविधान निर्माण प्रक्रियामा पनि यसको ठूलो प्रभाव रह्यो।

२०७२ सालमा जारी भई हाल लागू भएको हाम्रो संविधानले समावेशी प्रतिनिधित्व सुनिश्चित गरेको छ। संघीय संसदमा महिलाको प्रतिनिधित्व करिब ३३ प्रतिशतको हाराहारीमा रहेको छ, जुन दक्षिण एसियाली सन्दर्भमा उल्लेखनीय प्रगति हो। हाम्रो संविधानले महिला सहभागिता सुनिश्चित गर्न राज्यका हरेक निकाय र संरचनामा ३३ प्रतिशत महिला सहभागितालाई अनिवार्य भनेको छ। संघीय संसदमा कम्तीमा एक तिहाइ (३३ प्रतिशत %) महिला अनिवार्य गराउनुका साथै राजनीतिक दलहरूले समानुपातिक समावेशी सिद्धान्त अपनाउन बाध्य बनाएको छ।

राज्यका सबै निकायमा महिलासहित विभिन्न वर्ग/समुदायको समावेशी सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेको छ। जस्तो, राष्ट्रपति/उपराष्ट्रपतिमध्ये एक महिला, सभामुख/उपसभामुख मध्ये एक महिला हुनुपर्ने प्रावधान छ। राष्ट्रपति/उपराष्ट्रपतिका सम्बन्धमा संविधानमा फरक लिंग वा समुदायको हुनुपर्नेछ भन्ने लेखिएकै कारण आज यी दुवै पदमा पुरुष नेतृत्व बहाल हुनुहुन्छ। कानुनी छिद्र देखाएर महिलालाई नेतृत्वमा पुग्न नदिने सोच हावी हुँदा राज्यका सर्वोच्च यी दुई पदमा महिला नेतृत्वमा अवरोध सिर्जना भएको छ।

महिला आन्दोलनकै उपज ओनसरी घर्ती २०७२ सालमा प्रतिनिधिसभाको पहिलो महिला सभामुख बन्नुभयो। २०७३ सालमा सर्वोच्च अदालतको प्रधानन्यायाधिश पदमा सुशीला कार्की नियुक्त हुनुभयो। र हालै जेनजी आन्दोलनपछिको मुलुकको कार्यकारी नेतृत्व एवं पहिलो महिला प्रधानमन्त्री बनेर सफल इतिहास रच्नुभयो।

संविधानले प्रदेश र स्थानीय तहमा महिलाको सहभागिता पनि अनिवार्यता गरेको छ। प्रदेशका सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनैपर्ने प्रावधान छ। प्रदेशसभाहरूमा पनि महिलाको सहभागिता उल्लेखनीय भए तापनि नेतृत्व तह-जस्तै मुख्यमन्त्री, मन्त्री वा प्रमुख प्रशासनिक पदहरूमा महिलाको उपस्थिति अझै सीमित छ। प्रदेशहरूमा महिलाको प्रतिनिधित्व ३३-३५% को बीचमा रहेको अवस्था छ।

प्रदेशसभामा महिलाको उपस्थिति संख्यात्मक रूपमा ठीक तर निर्णायक नेतृत्वमा कमजोर रहेको पाइन्छ। यद्यपि प्रदेशहरूमा महिला आन्दोलनको उपलब्धीका कारण केही प्रेरणादायी नतिजाहरू प्राप्त भएका छन्। उदाहरणका लागि २०७८ सालमा बागमती प्रदेशबाट अष्टलक्ष्मी शाक्य नेपालको पहिलो महिला मुख्यमन्त्री बन्नुभयो। साथै एउटा गौरव गर्न लायक नेपालको संघीय व्यवस्थामा पहिलो महिला प्रदेश सभामुखका रुपमा कर्णाली प्रदेशसभामा नन्दा गुरुङ्ग बन्न सफल हुनुभएको छ। उहाँले २०७९ देखि हालसम्म सभामुख भएर कुशलतापूर्वक प्रदेशसभा सञ्चालन तथा व्यवस्थापकीय नेतृत्व गर्दै आउनुभएको छ।

प्रत्येक वडामा कम्तीमा २ जना महिला सदस्य, गाउँपालिका/नगरपालिकामा प्रमुख वा उपप्रमुखमध्ये एउटा पदमा महिला हुनैपर्ने प्रावधान छ। यी अधिकारले महिलालाई केवल प्रतिनिधित्व मात्र नभई निर्णय-निर्माण तहमा पुग्ने अवसर पनि विस्तार गरेको छ।

प्रशासनिक क्षेत्रमा, निजामती सेवामा महिलाहरूको संख्या बढ्दै गएको भए पनि उच्च तह (सचिव, सहसचिव) मा अझै न्यून छ। यसले देखाउँछ कि अवसरको ढोका खुलेको छ, तर समान पहुँच अझै सुनिश्चित भएको छैन। वि.सं. २०१३ सालदेखि सुरु भएको निजामति सेवामा महिलाको सहभागिता क्रमशः बढ्दै गएपनि शीर्ष पद मुख्य सचिवमा महिला पुग्नलाई २०८१ साल कुर्नुपर्‍यो। नेपाली महिला आन्दोलनको उपज कारण आज लिलादेवी गड्तौलाजस्तै थुप्रै महिलाहरू निजामति प्रशासनको उच्च पदमा पुग्न सफल भएका हुन्।

नेपालको राजनीतिक, सामाजिक, संरचनात्मक र संस्थागत अवरोधका कारण धेरै समय लागे पनि अहिले भने यस्तो उपलब्धिले भविष्यमा अझ बढी महिला नेतृत्वको सम्भावनालाई बढाएको छ। फलस्वरुप अब महिलालाई ३३ प्रतिशतमै सीमित राख्नुहुन्न भन्ने मान्यता स्थापित हुँदै गएको छ। हालै २१ फागुनमा सम्पन्न निर्वाचनबाट गठित प्रतिनिधिसभामा महिलाको प्रतिनिधित्व झण्डै ३५ प्रतिशत पुगेको छ। माथिल्लो सदन राष्ट्रिय सभामा ३७ प्रतिशत महिलाको प्रतिनिधित्व छ। यो हाम्रो लागि ठूलो उपलब्धी र गौरव गर्न लायक विषय हो।

***स्थानीय शासनमा महिला नेतृत्व***

नेपालको संविधान २०७२ जारी भएपछि स्थानीय तहको निर्वाचनमा ठूलो संख्यामा महिलाहरू उपप्रमुख, उपाध्यक्ष तथा वडा सदस्यका रूपमा निर्वाचित भएको मैंले यहाँ माथि चर्चा पनि गरें। यसले स्थानीय शासनमा ऐतिहासिक परिवर्तन ल्याएको छ। कतिपय ठूला नगरहरूमा नगर प्रमुखका रुपमा महिलाले नेतृत्व गरिरहेको विद्यमान अवस्थाप्रति हामी जगजाहेर नै छौं।

महिला नेतृत्वमा हुँदा खानेपानी, सरसफाइ, विद्यालय, स्वास्थ्य सेवा, गर्भवति, सुत्केरी, बालबालिका तथा वृद्धवृद्धाको हेरचाहजस्ता विषयहरू प्राथमिकतामा आएका छन्। महिलाहरूले नागरिकसँग नजिक भएर काम गर्ने भएकाले सेवा प्रवाह सरल र प्रभावकारी भएको देखिएको छ। बालविवाह, घरेलु हिंसा, मदिरा नियन्त्रणजस्ता विषयहरूमा महिला नेतृत्वले सक्रिय भूमिका खेलेको छ। अनुभवहरूले देखाएका छन् कि जहाँ महिला नेतृत्व सक्रिय छ, त्यहाँ स्थानीय विकासमा सकारात्मक परिवर्तन देखिएको छ।

यद्यपि, सबै ठाउँमा समान सफलता छैन। कतिपय ठाउँमा महिला प्रतिनिधिहरूलाई निर्णय गर्न स्वतन्त्रता नदिइने वा प्राक्सी नेतृत्व (अरूले चलाउने) जस्ता समस्याहरू पनि देखिएका छन्। अझैं पनि सबल नारी नेतृत्व स्थापित गर्न नारी नेतृत्वलाई थप सुदृढ र प्रभावकारी बनाउन नेतृत्व, नीति निर्माण, प्रशासनिक सीपहरूको खाँचो छ। पितृसत्तात्मक सोच परिवर्तन नगरी नारी नेतृत्वको वास्तविक विकास सम्भव छैन। आर्थिक रूपमा सक्षम महिला मात्र आत्मनिर्भर निर्णय लीन सक्छिन्। त्यसका लागि महिलाको क्षेत्रमा थुप्रै नीति तथा कार्यक्रम र बजेटको आवश्यकता छ।

***नारी नेतृत्व किन ?***

पहिलो कुरा लोकतन्त्रको सार नै समावेशिता हो। समाजमा जनसंख्याको आधा हिस्साको प्रतिनिधित्व निर्णय गर्ने तहमा न्यून हुन्छ भने त्यो लोकतन्त्र अपूर्ण हुन्छ। त्यसप्रकारको लोकतन्त्रले आम जीवनमा कुनै तात्विक प्रगति ल्याउन सक्दैन। किनकी समग्र नारी समुदायको उन्नयन नहुञ्जेल समाजको उन्नयन हुन सक्दैन। हामी महिलाहरूसँग जीवनका फरक अनुभवहरू छन्। हामीले भोगेका सामाजिक, आर्थिक र सांस्कृतिक चुनौतीहरू पनि फरक छन्। नीति निर्माणमा हाम्रो दृष्टिकोण समावेश हुँदा मात्र सन्तुलित र न्यायपूर्ण निर्णय सम्भव हुन्छ।

दोस्रो, नारी नेतृत्वले समाजमा समानताको सन्देश दिन्छ। जब महिलाहरू नेतृत्वमा आउँछन्, त्यसले केवल व्यक्तिगत उन्नति मात्र होइन, सम्पूर्ण समाजमा प्रेरणा र परिवर्तनको लहर सिर्जना गर्छ। तेस्रो, महिलाहरूले नेतृत्वमा आएपछि सहकार्य, संवाद र संवेदनशीलताको आधारमा निर्णय गर्ने प्रवृत्ति बढी देखिन्छ। यसले शासनलाई जनमुखी बनाउँछ। नारी नेतृत्व सामाजिक न्याय र समानताका दृष्टिले महत्वपूर्ण छ। महिलाहरू नेतृत्वमा हुँदा लैङ्गिक विभेद कम हुन्छ। बालिका शिक्षा, स्वास्थ्य, लैङ्गिक हिंसा नियन्त्रणजस्ता मुद्दाहरू प्राथमिकतामा पर्छन्। नारी नेतृत्वले दिगो विकासलाई टेवा पुर्‍याउँदछ। विभिन्न अध्ययनहरू र हाम्रा नतिजाले पनि देखाएका छन् कि महिलाहरू नेतृत्वमा हुँदा स्रोतहरूको उचित उपयोग, वातावरण संरक्षण र दीर्घकालीन योजना निर्माणमा बढी ध्यान दिइएको पाइन्छ।

महिलाहरूले समाजका विभिन्न वर्गहरूको आवाज प्रतिनिधित्व गर्ने हुँदा समावेशी नीति निर्माणमा टेवा पुग्दछ। विशेष गरी दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समुदायको आवाजले स्थान पाउँछ। त्यस्तै महिला नेतृत्वले पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचार न्यूनीकरणमा सकारात्मक प्रभाव पार्ने प्रमाणहरू पाइएका छन्। सुशासन प्रवर्द्धन गर्ने सवालमा नारी नेतृत्व सबल रहेको तथ्यले उजागर गर्दछ।

२०१५ सालदेखि २०८२ सालको आम निर्वाचनसम्म आइपुग्दा महिलाको सहभागिता सबै क्षेत्रमा वृद्धि भएको छ। कम्तीमा पनि सबै क्षेत्रमा ३३ प्रतिशत पुर्‍याउनैपर्ने बाध्यकारी व्यवस्थाले यसलाई मलजल गरेको छ। प्रशासन, विकास र राजनीतिक क्षेत्रमा महिलाको पहुँच उल्लेखनीय रुपमा वृद्धि आएको छ।सबै वर्ग, लिंग र क्षेत्रका मानिसको सहभागिताबिना देश विकास हुनै सक्दैन्। अझ त्यसमा पनि आधाभन्दा बढीको संख्यामा रहेका महिलालाई पाखा लगाएर त कुनै पनि कामले सकारात्मक नतिजा हासिल हुने परिकल्पनासमेत गर्न सकिन्न। समतामूलक समाज नै समन्यायिक विकासको आधार हो। विकास भनेको भौतिक संरचनाको निर्माण र आर्थिक वृद्धि दरमात्र होइन। बरु सबै वर्ग र लिंगको सशक्तीकरणले यसलाई अगाडि बढाउँछ। त्यसैले यतिबेला नेतृत्वमा महिला पुग्ने र त्योखाले वातावरण निर्माणमा सबैले सघाउने परिपाटी बसाल्न आवश्यक छ।

अन्त्यमा, म यही भन्न चाहन्छु-जब महिलाहरू अघि बढ्छन्, समाज अघि बढ्छ। जब महिलाहरू सशक्त हुन्छन्, राष्ट्र सशक्त हुन्छ। आउनुहोस्, हामी सबै मिलेर नारी नेतृत्वलाई सुदृढ बनाउने अभियानमा हातेमालो गरौं।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केबुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# वर्षको एक दिन मात्र फुल्ने अनौठो फुल





वीरेन्द्र कर्ण

जनकपुरधाम, २९ चैत । वर्षको एक दिन मात्र फुल्ने फुल(सुन्दा अचम्भ लाग्छ  तर यो सत्य हो । पूर्व पश्चिम राजमार्ग खण्ड अन्तरगत छिमेकी जिल्ला सिरहाको पडरिया चौकदेखि दक्षिणमा रहेको ऐतिहासिक तथा प्राचीन राजा फुलवारीमा यस्तै फुल देख्न पाइन्छ । सलहेस फुलवारीको नाउँले प्रसिद्ध रहेको यो ऐतिहासिक फुलवारीमा प्रत्येक नयाँ वर्ष वैशाखको पहिलो दिन त्यहाँ रहेको हारमको रुपमा सुनाखरी आकरको फुल फुल्छ र साँझपख मौलाएर जान्छ । यो आफैमा एउटा आश्चर्य हो ।

सो रुख फुलवारीको मध्य भागमा रहेको राजा सलहेसको गहवर (कोठे मन्दिर) सँगै टाँसिएको सो रुपमा वर्षको एक दिन विहानै फुल फुल्नु र साँझपख मौलाएर जानु आजसम्म रहस्मय नै बनेको छ । माला आकारको सेतो फुलको थुँगा जस्तो देखिनु र साँझपख मौलाएर जानु खोजकर्ताको लागि अनौठो विषय र रोचक रहेको छ । ती रुख के का हुन ? कसरी यतिका दिनसम्म बाँचीरहेका छन् भन्ने खोजको विषय भएको छ । वनस्पतीविद्हरु भन्छन् ( छैठौ सातौं सताब्दीदेखि जस्ताको त्यस्तै रहेको यो रुख र अचम्भको फुलवारे पुरातत्व विभागको खोजीको विषय हो ।

राजा सलहेस को थिए ? कसरी एउटा दुसाध (दलित) जातिका व्यक्ति राजा भएर सलहेसको जीवन गाथासँग सलहेस फुलवारी र वर्षको एक पटक मात्र फुल्ने फुलको बारेमा पनि एउटा रोचक कथा सत्य घटना सुन्न पाइन्छ । छैठौं सातो सताब्दीतिर त्यस बेला मिथिला भूमीको गढ मैसोथा भने ठाउँमा थियो । त्यो ठाउँ अहिले सिरहा नगरपालिका अन्तरगत पर्दछ । त्यस बेला त्यहाँका सामान्त जमिनदार भैरव भूपाल सोनम र मनदोदरीको कोखबाट एउटा इन्द्र स्वरुप बीर बालक जयबर्द्धन (सलहेस)को जन्म भएको थियो । सानैदेखि सौर्यवान, प्रख्खरबुद्धिका धनी र सौर्यशाली थिए सलहेस । अर्थात् वीर योद्धा बाहुबली भन्दा पनि गलत नहुने छन् । सलहेसको समय कृषि र पशुपालनको प्रारम्भिक युग थियो । त्यस बेला उत्तरमा किरात प्रदेश तिब्बत र भुटानतिरबाट आर्यावृतमा अन्नवाली पशुहरु लुटेर लग्ने, बारम्बार आक्रमण हुने गर्दथ्यो । बारम्बार हुने भोट र किराँतहरुको आक्रमण रोक्न सलहेसका बुवा भूपाल सोनमले तरेगनागढ (हालको लहान बजारभन्दा चारकिलोमिटर उत्तरतर्फ) का राजा हिन्दुपति सम्शेर भण्डारीलाई सघाउन गए । भोट र किराँतसँग भएको युद्धमा भूपाल सोनम देव सहादत प्राप्त गरेपछि जेठो छोराको हैसियतले सलहेस मैसोदागढको गढपति बने । सलहेस गढपति भएपछि कोशीदेखि पश्चिम गण्डकीसम्म, उत्तर हिमालयका पदम् प्रदेश र दक्षिण गंगासम्म आफ्नो सैन संगठनलाई सुसंगठित पारेका थिए ।




पकडियागढकी राजकुमारी संग्रावतीको नौलखा हार चोरी प्रकरणमा सलहेस समातिएपछि मालिनी भन्ने सुन्दरीले सहयोग गर्दा सलहेस र मालिनीबीच प्रेम भएको भन्ने किवंदन्ती रहिआएको छ । राजा सलहेस दलित मध्ये दुसाध जातिका भएकोले आजपनि जहाँजहाँ दुसाध जातिका मानिसहरु छन् त्यहाँ त्यहाँ सलहेसको गहबर बनाई पूजा गर्ने परम्परा रहेको छ । लहान नगरपालिकादेखि चार किलोमिटर पश्चिम(दक्षिणमा बाह्र विघा क्षेत्रफलमा फैलिएको यो धार्मिक फुलवारीमा रहेको हारमको रुखमा वैशाख १गतेका दिन मात्र सुनाखरी जस्तो फुलमाला देखापर्छन र दिन ढल्दे जाँदा उक्त माला विस्तारै मौलाउँदै जान्छ । उक्त अचम्भको फुल हेर्न तथा मेला भर्न नेपाल(भारतका असंख्या श्रद्धालुहरु आउने गर्दछन् । किवदन्ती अनुसार प्रत्येक वर्ष वैशाखको पहिलो दिन मालिनी भन्ने सुन्दरीले राजा सलहेसको प्रतिक्षामा फुलमाला लिएर रुखमा प्रगट हुन्छिन् भनिन्छ साँचो मलले जसले भाकल गर्छ उसको मनोकामना पुरा हुने गर्दछ । मेलाको दिन दर्जनौं युवा युवतीको जोडी आएर ती फुललाई साक्षीमानी प्रेम विवाह गर्दछ ।

सिरहा जिल्ला भित्र राजा सलहेसको गाथासँग जोडिएको धार्मिक स्थलको खोजी गरी यसको विकासतर्फ संघीय तथा प्रदेश सरकारले ध्यान दिनुपर्दछ प्रेस काउन्सिल नेपालका पूर्व सदस्य चन्द्रदव कामती भन्दछन् विश्वमा एउटा यही नै यस्तो रुख रहेको छ जसमा वर्षको एकदिन मात्र फुल फुल्ने गर्दछ र साँझपख मौलाएर जान्छ ।

यो एउटा यस्तो देवता हो जसलाई सबै समुदायका मानिसले पुज्ने गर्दछन । राजा सलहेसको गाथालाई जिवनन्तता दिन अहिलेपनि गाउँ गाउँमा सलहेसको गीत र महराई मार्फत यसको उजागर गर्ने परम्परा रहेको छ । आफ्ना समयमा पराक्रमकै बलमा नागरिकलाई सुशासनको प्रत्याभूति गराउने लोकदेवता सलहेसको जीवनगाथासँगै जोडिएको धार्मिक तथा ऐतिहासिक स्थलहरु सलहेस फुलवारी, मानिक दह, पकडियागढ, पतारी पोखरीको विकासमा सरकारले ध्यान दिनसके यसले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्नुका साथै ग्रामीण अर्थतन्त्रको विकासमा थप टेवा पुग्न जाने जनविश्वास रहेको छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# संघर्ष, स्वर र साहसकी प्रतीक: आशा भोसले

जनकपुरधाम । प्रख्यात भारतीय गायिका आशा भोसलेको आइतबार निधन भएको खबरले सङ्गीतप्रेमीहरूलाई स्तब्ध बनाएको छ। भारतीय सङ्गीत जगतकी एक अनुपम हस्तीका रूपमा परिचित आशाले पार्श्व गायनमा असंख्य अविस्मरणीय गीतहरू दिएकी थिइन्। नयाँ दौरदेखि तीसरी मञ्जिल, हरे रामा हरे कृष्णादेखि उमराव जान र इजाजत हुँदै रंगीलासम्म–समय बदलियो, पुस्ता फेरिए, पर्दाका अनुहारहरू बदलिँदै गए, तर आशा भोसलेको स्वर सधैं जवान रह्यो।

तर उनको चञ्चल र चुलबुले आवाजको चमकभित्र लुकेको लामो संघर्षको कथा भने कमै चर्चामा आउँछ। विलक्षण प्रतिभाका बाबजुद पनि उनले लामो समय 'नम्बर दुई' को स्थानमा चित्त बुझाउनुपरेको यथार्थ छ, किनभने हिन्दी सङ्गीतमा 'नम्बर एक' स्थानमा उनकी दिदी लता मंगेशकरको अपार प्रभुत्व थियो। त्यस सशक्त छायाभित्र आफ्नो छुट्टै पहिचान बनाउन उनले अदम्य साहस र धैर्य देखाइन्।

बाल्यकालदेखि नै सङ्गीतसँग जोडिएकी आशा, पिता दीनानाथ मंगेशकरबाट प्रेरित थिइन्। तर नौ वर्षको उमेरमै बुबाको निधनपछि परिवार आर्थिक संकटमा पर्‍यो। त्यसपछि मुम्बई पुगेको परिवारले सङ्घर्षपूर्ण यात्रा सुरु गर्‍यो, जहाँ दिदी लतासँगै आशाले पनि आफ्नो स्थान खोज्न थालिन्।

सुरुवाती दिनहरूमा उनले साना र कम बजेटका फिल्महरूमा मात्र अवसर पाइन्। तर ओ. पी. नैयर र एस. डी. बर्मनजस्ता सङ्गीतकारहरूको साथ पाएपछि उनको करियरले गति लियो। विशेषत: आर. डी. बर्मन (पञ्चम) सँगको सहकार्यले उनलाई नयाँ उचाइमा पुर्‍यायो, जहाँ उनले पाश्चात्य र आधुनिक सङ्गीत शैलीलाई आत्मसात् गर्दै नयाँ युगको स्वर बनिन्।

उनको जीवन केवल सफलता मात्र थिएन; वैवाहिक जीवनका उतारचढाव, पारिवारिक दूरी र पेशागत प्रतिस्पर्धाले उनलाई निरन्तर चुनौती दिइरह्यो। तर उनले हरेक चुनौतीलाई अवसरमा बदल्दै आफूलाई प्रमाणित गरिन्। उमराव जानका गजलहरूले उनको स्वरको गहिराइलाई प्रमाणित गर्‍यो भने रंगीलाजस्ता फिल्महरूले नयाँ



पुस्तासम्म उनको प्रभाव कायम राख्यो।

आशा भोसलेको जीवन सङ्घर्ष, साहस र सिर्जनात्मकताको अद्वितीय उदाहरण हो। उनले देखाइन् कि प्रतिभा मात्र होइन, निरन्तरता र आत्मविश्वासले नै कलाकारलाई अमर बनाउँछ। आज उनको शारीरिक उपस्थिति नरहे पनि उनका स्वरहरू सदैव गुञ्जिरहनेछन्–हरेक पुस्ताको मनमा, हरेक युगको सम्झनामा।

## १० चर्चित नेपाली गीत

भारतीय संगीत इतिहासकी सबैभन्दा चर्चित र बहुमुखी गायिकामध्येका आशा भोसले नेपाली संगीत क्षेत्रका लागि पनि उत्तिकै महत्त्वपूर्ण छिन् । मातृभाषा अर्कै भएत पनि उनले धेरै नेपाली गीतहरूमा स्वर दिएकी छिन् । जुन एउटा भर्सटाइल गायिकाको सग्लो प्रमाण पनि हो ।

सन् १९४३ मा मराठी फिल्म 'माझा बल'बाट सुरु भएको उनको सांगीतिक करियरले एक समयमा नेपाली संगीतलाई ठूलो योगदान पुऱ्याएको छ । एक कालमा नेपाली चलचित्र क्षेत्रमा उनको दबदबा जस्तै थियो । नारायण गोपाल, रञ्जित गजमेर, सम्भुजित बास्कोटा, कुसुम गजमेर, तुलसी घिमिरे, किरण खरेल, यादव खरेल आदिसँग उनले सहकार्य गरेकी छिन् ।

यहाँ उनले गायकका केही नेपाली गीतहरू सूचि रहेका छन् ।

१. साउने झरीमा..
रन्जित गजमेरको संगीत र कुसुम गजमेरको शब्द रहेको यो गीतममा भोसलेले स्वर दिएकी छिन् ।

२. बसन्त नै बस्न खोज्छ यहाँ...
आज भन्दा ६ दशक पहिला बनेको माइतीघर फिल्मको माइतीघर.. माइतीघर.... बोलको गीत अहिले पनि उत्तिकै लोकप्रिय छ । स्कुल, कलेजका कार्यक्रम तथा विभिन्न समारोहमा यो गीत घन्किन्छ । गीतमा जयदेवले संगीत भरेका छन् भने शब्द किरण खरेलको रहेको छ ।

३. मोहनी लाग्ला है...
फिल्म चिनोमा संलग्न यो गीतमा आशा भोसलेले स्वर सम्राट नारायण गोपालसँग आवाज शेयर गरेका छिन् । यो गीत पनि उत्तिकै मात्रामा नेपालीबिच प्रख्यात छ । गीतमा रञ्जित गजमेरको संगीत र कुसुम गजमेरको शब्द रहेको छ ।

४. पहाडको माथि माथि..
फिल्म लाहुरेको यो गीतमा पनि भोसले र नारायण गोपालको स्वर सुन्न सकिन्छ । यसमा कुसुम गजमेर र तुल्सी घिमिरेको शब्द छ । संगीत भने रञ्जित गजमेरको रहेको छ ।

५. को होला मेरो मायालु....
फिल्म मायालुमा संलग्न यो गीतमा पनि आशा भोललेले स्वर दिएकी छिन् । यो गीतमा रञ्जित गजमेरको संगीत र कुसुम गजमेरको शब्द रहेको छ ।

६. आज हाम्रो भेट भाको दिन...
यो गीतमा आशा भोसले र उदित नारायण झाको स्वर रहेको छ । पछिल्लो समयमा फिल्म ब्रेकअपमा समेत फिचर्ड यो गीतमा शिला बहादुर मोक्तानले संगीत भरेका छन् भने चेतन कार्कीले शब्द लेखेका छन् ।

७. माया त माया हो...
यो गीतमा पनि हामीले भोसले र नारायण गोपालको स्वर सुन्न सक्छौं । गीतमा रञ्जित गजमेरको स्वर र कुसुम गजमेरको शब्द रहेको छ ।

८. गैरी खेतको शिरै हान्यो...
यो गीत पनि उत्तिकै मात्रामा सुनिन्छ । विशेषत: यो गीत विद्यालयहरूमा नाच्नका लागि सुनिन्छ । गीतमा सम्भुजित बास्कोटाले संगीत भरेका छन् भने शब्द यादव खरेलले लेखेका छन् ।

९. यति धेरै माया दियौ..
यो गीतमा आशा भोसले र प्रकाश श्रेष्ठको डुअल स्वर सुन्न सकिन्छ । चेतन कार्कीले शब्द लेखेको यो गीतमा मोहनहरी सिंहले संगीत भरेका छन् ।

१०. टाढा भै नदेउ फेरि...
फिल्म मायालुमा संलग्न रहेको यो गीतमा हामीले आशा भोसले र प्रेमध्वज प्रधानको डुअल स्वर सुन्न सक्छौं । यो गीतमा रञ्जित गजमेरको कम्पोजर रहेको छ ।

# होटल व्यवसायी महासङ्घको अध्यक्षमा टिआर भण्डारी निर्विरोध निर्वाचित

दैनिक समाचारदाता

काठमाडौँ २९ चैत । होटल व्यवसायी महासङ्घ नेपालको पाँचौं महाधिवेशनबाट टीआर भण्डारी (शंकर) निर्विरोध



निर्वाचित भएका छन् । गण्डकी प्रदेशको पोखरामा सम्पन्न भएको महाधिवेशनले टीआर भण्डारी (शंकर) को अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गर्दै नयाँ नेतृत्व चयन गरेको हो ।

अधिवेशनबाट सिङ्गो कार्यसमिति निर्विरोध निर्वाचित भएको छ । नवनिर्वाचित अध्यक्ष भण्डारीले सम्पूर्ण प्रतिनिधि, अग्रज व्यवसायी तथा सहयोगीप्रति आभार व्यक्त गर्दै महासङ्घलाई पारदर्शी, उत्तरदायी र सदस्य-केन्द्रित संस्थाका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । उनले पर्यटन तथा होटल क्षेत्रलाई अझ प्रतिस्पर्धी र व्यवस्थित बनाउन नीतिगत सुधार, लगानीमैत्री वातावरण निर्माण तथा व्यवसायीहरूको हकहित संरक्षणलाई प्राथमिकता दिने बताए ।

महासंघले देशभरका होटल व्यवसायीलाई एकीकृत गर्दै नीति पैरवी, क्षमता विकास र पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नयाँ नेतृत्वसँगै डिजिटल रूपान्तरण, पूर्वाधार विकासमा सहकार्य र दक्ष जनशक्ति उत्पादनमा थप गति आउने अपेक्षा गरिएको छ । पर्यटन क्षेत्रका सरोकारवालाहरूले नयाँ कार्यसमितिले निजी क्षेत्र र सरकारबिच समन्वय सुदृढ गर्दै क्षेत्रीय विकासमा सकारात्मक योगदान पुर्‍याउने विश्वास व्यक्त गरेका छन् ।




# मल आपूर्ति सुनिश्चित गर्नुपर्ने माग

दैनिक समाचारदाता

काठमाडौँ २९ चैत । अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) ले मल आपूर्ति सुनिश्चित गर्नुपर्ने माग गरेको छ ।

महासङ्घले आइतबार विज्ञप्ति जारी गरी देशभर धान र कोदोको बीउ राख्ने, मकै गोड्ने, चैते धानमा मल हाल्ने र वर्षे तरकारीखेती गर्ने संवेदनशील समयमा देशभर रासायनिक मलको अभाव भएको जनाउँदै आपूर्ति सुनिश्चित गर्न सरकारसँग माग गरेको हो।



महासङ्घले विज्ञप्तिमा भनेको छ, "धान, मकै र कोदो नेपालको राष्ट्रिय अर्थतन्त्र र किसानहरूको जीवन, जीविका र नागरिकको खाद्य सुरक्षामा प्रत्यक्ष प्रभाव पार्ने रणनीतिक बाली हुन्, यस्ता बालीहरूको खेती गर्ने मुख्य समयमा रासायनिक मलको अभाव हुनु, किसानहरू खेतीपाती छोडेर मलका लागि लाइन लाग्ने र चर्को मूल्यमा मल किन्न बाध्य हुनु दुर्भाग्यपूर्ण छ । यो समस्या समाधान गरिनुपर्छ ।"कालोबजारी नियन्त्रण, दीर्घकालीन रूपमा समस्या समाधानको योजना तर्जुमा र साना तथा उत्पादक किसानको हितलाई ध्यान दिँदै प्राथमिकताका आधारमा मल वितरण गर्न पनि महासङ्घले माग गरेको छ।

## उन्नाइस केजी गाँजासहित युवक पक्राउ

दैनिक समाचारदाता

सिराहा, २९ चैत । जिरोमाइल क्षेत्रबाट १९ केजी गाँजासहित एक युवक पक्राउ परेका छन् । मोटरसाइकल र अटोरिक्सामा गाँजा बोकेर भारततर्फ गइरहेका धनगढीमाई नगरपालिका-९ का राजेश दासलाई पक्राउ गरिएको हो ।

यहाँस्थित सशस्त्र प्रहरी बलका प्रमुख सुमनजङ्ग थापाका अनुसार गाँजा तस्करी भइरहेको सूचना प्राप्त भएपछि परिचालन भएको सशस्त्र प्रहरी बलको टोलीले आज बिहान निजलाई पक्राउ गरेको हो ।

शङ्का लागेर सुखीपुर क्षेत्रमा जाँच गर्दा चाँदीका गाँजासहित ब्रासलेट, नगद २५ हजार र एक थान मोबाइल सेट बरामद भएको उहाँले बताउनुभयो ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४